नेपाल विद्युत प्राधिकरण

स्टाफ मिटिङ माइनुट्स

मितिर०७७/०४/२५ गते विहान १०:०० बजे श्री कार्यकारी निर्देशकज्यूको वैठक कक्षमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वैठक वसी विविध विषयहरुमा छलफल तथा निर्णयहरु भयो।

उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री कुलमान घिसिङ | कार्यकारी निर्देशक |
| २. | श्री हरराज न्यौपाने | उपकार्यकारी निर्देशक, वितरण तथा ग्राहक सेवा निर्देशनालय |
| ३. | श्री ब्रजभूषण चौधरी | उपकार्यकारी निर्देशक, प्रशारण निर्देशनालय |
| ४. | श्री मनोज सिलवाल | उपकार्यकारी निर्देशक, आयोजना व्यवस्थापन निर्देशनालय |
| ५. | श्री मदन तिम्सिना | प्रमुख, उत्पादन निर्देशनालय |
| ६. | श्री शिवकुमार अधिकारी | निर्देशक, पदपूर्ति विभाग |
| ७. | श्री विश्वनाथ शर्मा | नि. निर्देशक, सामान्य सेवा विभाग |
| ८. | श्री चुडामणि आचार्य | प्रमुख, कर्मचारी प्रशासन महाशाखा |
| ९. | श्री बासु कलौनी | प्रमुख, केन्द्रीय कर्मचारी प्रशासन शाखा |

छलफल तथा निर्णयहरुः

१. कोभिड-१९ को बढ्दो संकमण सँगै कार्यालय सञ्चालन व्यवस्थापन गर्ने सम्वन्धमा।

(क) प्रधान कार्यालयमा अत्यावश्यक कामका लागि आवश्यक पर्ने संख्यामा मात्र कर्मचारीहरु उपस्थित हुने गरी प्रत्येक १५ दिनको अन्तरालमा कर्मचारीलाई आलोपालो काममा लगाउने व्यवस्था सम्बन्धित विभागीय प्रमुख/कार्यालय प्रमुखले मिलाउने।

(ख) अन्य कार्यालयको हकमा सम्बन्धित विभागीय प्रमुख/कार्यालय प्रमुखहरुले आवश्यकता अनुसार कर्मचारीहरु जगेडामा रहने गरी कार्यालय सञ्चालन गर्ने।

(ग) यसरी कर्मचारी खटनपटन गर्दा कार्यालयमा उपस्थित हुन नपर्ने कर्मचारीको सो अवधिको हाजिरीमा TA/DA नपाउने गरी काज जनाएर हाजिरी व्यवस्थापन गर्ने।

२. कार्यालय प्रमुख, प्रशासन प्रमुख तथा लेखा प्रमुखहरुले आफ्नो कार्यक्षेत्र नछोड्ने र हाल कार्यक्षेत्र भन्दा वाहिर जुनसुकै क्षेत्रमा रहेको भए पनि तत्काल आफ्नो कार्यक्षेत्र फर्कने।कुनै कारणले कार्यक्षेत्र छोड्नु परेमा विभागीय प्रमुख मार्फत सम्वन्धित उप-कार्यकारी निर्देशकको स्वीकृति लिएर मात्र कार्यक्षेत्र छोड्ने।